परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : १७९ पृष्ठ ४ २०८३ वैशाख ७ गते सोमवार 20 April, 2025 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।







## सर्तसहित बर्दिबास मेडिकल

# कलेजको पूर्वाधार निर्माणको बाटो खुल्यो



● अजय साह

बर्दिबास मेडिकल कलेजको पूर्वाधार विकास कार्य औपचारिक रूपमा अगाडि बढ्ने बाटो खुलेको छ । वन तथा वातावरण मन्त्रालयअन्तर्गत वन तथा भू-संरक्षण विभागले आवश्यक प्रक्रिया पूरा गर्न निर्देशन दिँदै पत्राचार गरेसँगै लामो समयदेखि प्रतीक्षामा रहेको यो आयोजना कार्यान्वयनउन्मुख भएको हो ।

विभागले महोत्तरीस्थित डिभिजन वन कार्यालयलाई सम्बोधन गर्दै पठाएको पत्रमा मेडिकल कलेजसँग सम्बन्धित पूर्वाधार विकासका लागि आवश्यक कानुनी तथा प्राविधिक प्रक्रिया तत्काल अघि बढाउन भनिएको छ ।

विभागको अनुगमन समितिले २०८२ चैत २४ गते पेस गरेको प्रतिवेदनका आधारमा मेडिकल कलेजसँग नियमानुसार सम्झौता गर्न २०८२ चैत २७ गते निर्णय गर्दै लागत अनुमान पेस गर्न निर्देशन दिएको थियो। सोही निर्णयले आयोजना कार्यान्वयनका लागि महत्त्वपूर्ण आधार तयार गरेको हो।

यसैबिच डिभिजन वन कार्यालय महोत्तरीले बर्दिबास मेडिकल कलेजसँग सम्झौताअघि वन विकास कोषमा जम्मा गर्नुपर्ने रकमको विस्तृत लागत अनुमान तयार गरी वन तथा भू-संरक्षण विभागमा पठाएको छ। कार्यालयका अनुसार आयोजना कार्यान्वयनअघि कुल २६ करोड ४६ लाख ९ हजार ५ सय २५ रुपैयाँ वन विकास कोषमा जम्मा गर्नुपर्नेछ।

लागत विवरणअनुसार वन क्षेत्र प्रयोगको स्वीकृति पाएवापत ५४.५८४ हेक्टर क्षेत्रको सट्टा भर्ना स्वरूप १९ करोड १० लाख ४४ हजार रुपैयाँ निर्धारण गरिएको छ।

त्यस्तै सट्टा भर्ना गरिएको जग्गामा वृक्षरोपण गर्न ६ करोड ४२ हजार ४ सय रुपैयाँ खर्च अनुमान गरिएको छ । हटाइने रूख तथा पोलको सट्टामा १:१० को अनुपातमा वृक्षरोपण गर्न लाग्ने खर्च १ करोड ३५ लाख २३ हजार १ सय २५ रुपैयाँ तोकिएको छ ।

वन नियमावली २०७९ अनुसार वन क्षेत्र प्रयोग गर्नुअघि यस्ता सबै क्षतिपूर्ति रकम अनिवार्य रूपमा वन विकास कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। सो रकम आयोजनाले जम्मा गरेपछि मात्रै वन कार्यालय र मेडिकल कलेजबिच औपचारिक सम्झौता हुने जनाइएको छ।

वन संरक्षण अधिकृत प्रयास घिमिरेका अनुसार लागत अनुमान तयार गर्दा वन

बाकी पष्ठ ३......

## बर्दिवासमा

# बालिकामाथि जबरजस्ती करणी



● टक नेपाल

महोत्तरीको बर्दिबासमा एक बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा एक पुरुष पक्राउ परेका छन्। बर्दिबास नगरपालिका-१३ बिजलपुरा टोल बस्ने ४५ वर्षीय बेचु भन्ने शिव शंकर आले मगरलाई प्रहरीले शनिबार साँझ नियन्त्रणमा लिएको हो।

प्रहरीका अनुसार शिव शंकरले १२ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको उजुरी परेपछि इलाका प्रहरी कार्यालय बर्दिबासको टोलीले उनलाई पक्राउ गरेको हो। पीडित पक्षले दिएको जाहेरीका आधारमा उनलाई तत्कालै घर नजिकैबाट समातिएको हो।

पक्राउ परेका आले मगरमाथि थप कानुनी कारबाहीका लागि प्रक्रिया अगाडि बढाइएको छ। घटनाका बारेमा इलाका प्रहरी कार्यालय बर्दिबासले विस्तृत अनुसन्धान भइरहेको जानकारी दिएको छ।


## व्यक्तिगत घटना दर्ता सप्ताह

### २०८३ साल बैशाख १ देखि ७ गतेसम्म

व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तिका लागि जन्म, मृत्यु, विवाह, बसाइँसराइ र सम्बन्ध विच्छेद लगायतका व्यक्तिगत घटनाहरु घटना घटेको ३५ दिनभित्र आफ्नो वडा कार्यालयमा दर्ता गरौं/गराऔं ।

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
सिंहदरबार, काठमाडौं

गौशाला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गौशाला, महोत्तरी, मधेश प्रदेश



## हैजा बारे जानौं, बुझौं र सतर्क रहौं

गर्मी तथा वर्षायाम सुरु भएसँगै विशेषगरि बालबालिकामा झाडापखाला, हैजा जस्ता रोगहरू फैलने हुँदा सावधानी र सतर्कता अपनाउन अत्याधै जरुरी छ ।

### घरैमा उपचार गर्ने ५ नियम

१ झाडापखाला हुनासाथ एक लिटर सफा पानीमा एक पुरिया जीवनजल राम्रो राम्ररी घोल्ने र पटक पटक खुवाउने

२ प्रशस्त मात्रामा सफा तथा झोल कुराहरु पटक पटक खान दिने

3 नरम तथा सजिलै पच्ने खानेकुरा थोरै थोरै गरी पटक पटक खुवाइरहने

४ स्वास्थ्यकर्मीले सिफारिस गरे अनुसार जिङ्क चक्कीको मात्रा नविराइकन खुवाउने

५ व्यक्तिगत सरसफाईमा ध्यान दिने, र स्वच्छ पानी तथा खाना खाने



बर्दिवास नगरपालिका,महोत्तरी (मधेश प्रदेश)

पर्सिनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### अबको शिक्षाः प्रतिस्पर्धा होइन, प्रेरणा

आजको शिक्षा प्रणाली दिनप्रतिदिन प्रतिस्पर्धामुखी बन्दै गएको छ। उच्च अंक, राम्रो कलेज र आकर्षक करियरको दौडले विद्यार्थीलाई निरन्तर दबाबमा राखिरहेको छ। यस्तो अवस्थाले सिकाइलाई ज्ञान र जीवनसँग जोड्ने प्रक्रियाभन्दा पनि 'अरूभन्दा अगाडि हुने' मानसिकतामा सीमित बनाएको छ। परिणामस्वरूप धेरै विद्यार्थीमा तनाव, असन्तुष्टि र आत्मविश्वासको कमी देखिन थालेको छ।

शिक्षाको मूल उद्देश्य केवल प्रतिस्पर्धा जित्नु होइन, व्यक्तिको समग्र विकास गर्नु हो। त्यसैले अबको शिक्षा प्रणाली प्रेरणादायी हुन जरुरी छ। प्रेरणादायी शिक्षाले विद्यार्थीको रुचि, सिर्जनशीलता र जिज्ञासालाई प्राथमिकता दिन्छ। यसले उनीहरूलाई आत्मचेतनशील, जिम्मेवार र समाजप्रति संवेदनशील नागरिक बन्न सहयोग गर्छ।

नेपालको सन्दर्भमा परीक्षा केन्द्रित प्रणालीलाई परिवर्तन गर्दै व्यवहारिक, जीवनोपयोगी र सीपमूलक शिक्षामा जोड दिन आवश्यक छ। शिक्षकलाई मार्गदर्शक र प्रेरकका रूपमा विकास गर्नुपर्छ भने मूल्याङ्कन प्रणालीलाई पनि समग्र विकासमा आधारित बनाउनु पर्छ।

अन्ततः, प्रतिस्पर्धा होइन, प्रेरणादायी शिक्षा नै दिगो विकासको आधार हो। यस्तो शिक्षाले मात्र सन्तुलित, सक्षम र सकारात्मक सोच भएका नागरिक उत्पादन गर्न सक्छ।

# कुखुरामा प्रयोग हुने औषधिले मानिसको ज्यानै लिन्छ ?

• टक नेपाल

सरकार गठन भएको २२ दिनमै राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)मा प्रधानमन्त्री बालेन्द्र(बालेन) शाह र पार्टी सभापति रवि लामिछानेबिचको सम्बन्धलाई लिएर प्रश्न उठ्न थालेका छन् ।

चैत १२ गते रविकै प्रस्तावमा बालेन संसदीय दलको नेता बनेका थिए। चैत १३ गते संविधानको धारा ७६(१) बमोजिम राष्ट्रपतिले उनलाई प्रधानमन्त्री नियुक्त गरेका थिए । सरकार गठनलगत्तै प्रधानमन्त्री बालेनले सरकार र संसद्मा दुवैमा हस्तक्षेप गरेको राजनीतिक वृत्तमा चर्चा हुन थालेको छ।

खासगरी मन्त्री, उपसभामुख, संसदीय समितिका सभापति छनोटमा रवि र बालेनबिच मतभेद देखिएको रुपमा अर्थ्याइएको छ।

मन्त्री बनेको १२ दिनमै श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री दीपक कुमार साहलाई फिर्ता बोलाएपछि नेतृत्व क्षमतामाथि पार्टीभित्रै नेताहरूले प्रश्न उठाएका थिए। सरकार गठनको अघिल्लो दिन केन्द्रीय कार्यालय घन्टीघरमा बसेको केन्द्रीय समिति र संसदीय दलको संयुक्त बैठकमा नेताहरूले मन्त्री, दलको पदाधिकारी र विषयगत समितिका सभापति छनोको विषयमा प्रश्न उठाएका थिए।

तर सभापति रविले कार्यक्षमता, अनुभव, भूगोल, समावेशी सबैलाई मिलाएर छनोट गर्ने विषयमा नेतृत्वलाई विश्वास गर्न भनेका थिए। मन्त्री साहविरुद्ध पदीय दुरुपयोग गरी श्रीमती जुनु श्रेष्ठलाई स्वास्थ्य बिमा बोर्डको सदस्यमा सक्रिय बनाएको आरोप लाग्यो।

त्यही आधारमा पार्टीको अनुशासन समितिले अनुसन्धान गरी कारबाहीका लागि सिफारिस गरेको थियो। अनुशासन समितिको पत्रको आधारमा मन्त्री शाहलाई कारबाही गर्न रविले प्रधानमन्त्री समक्षा चैत २६ गते सिफारिस गरेका थिए । पार्टीबाट सिफारिस भए लगत्तै प्रधानमन्त्री बालेनले मन्त्री साहलाई पदमुक्त गरेका थिए।

यसैगरी उपसभामुख छनोको विषयमा पनि रवि र बालेनबिच कुरा नमिल्दा असन्तुष्टि बाहिर नै छताछुल्ल भयो । चैत २७ गते बिहानसम्म उपसभामुख राप्रपालाई दिने कि नयाँ दल श्रम संस्कृति पार्टीलाई दिने भन्नेमा दुई नेताबिच कुरा मिलेको थिएन।



## उपसभामुखबारे रवि र बालेनबिच फरक मत

संविधानबमोजिम सभामुख र उपसभामुख फरक दल/लिङ्गलाई दिनुपर्ने भएकाले रवि राप्रपाको पक्षमा उभिएका थिए । बालेन श्रम संस्कृतिको पक्षमा उभिए । सभामुख रविनिकट डोलप्रसाद अर्याल निर्वाचित भए।राप्रपा संसदीय दलका नेता ज्ञानेन्द्रबहादुर शाहीले रविको हबला दिएर उपसभामुखमा सरस्वती लामालाई उम्मेदवारी दर्ता गर्न लगाएको दाबी गरेका थिए, तर राप्रपाले उपसभामुख पदमा उम्मेदवारी दिएलगत्तै श्रम संस्कृति पार्टीले रास्वपाकै प्रस्तावमा रुबी कुमारी ठाकुरले उम्मेदवारी दिइन् ।

उपसभामुखमा रास्वपाबाट धोखा भएको भन्दै शाहीले संसद्मै रविको आलोचना गरेका थिए । गृहमन्त्रीमा वर्तमान सभामुख डीपी अर्याललाई बनाउन रविले जोडबल गरेका थिए, तर बालेनकै हस्तक्षेका कारण उनी गृहमन्त्री बन्न नपाएको राजनीतिक वृत्तमा चर्चा छ।

पार्टी र सरकार सञ्चालनमा नेतृत्वको कार्यशैलीलाई लिएर रास्वपाकै केही नेताहरूले असन्तुष्टि पोख्न थालेका छन् । रवि र बालेन दुवैले सामुहिक नेतृत्व प्रणालीलाई विश्वास गर्न नसकेका नेताहरूले नै आरोप लगाएका छन् ।

बिहीबार दिउँसो रास्वपाले १२ वटा संसदीय समितिका सभापति छनोटका लागि संसदीय दलको बैठक बोलाएको थियो । कार्यसम्पादनमा अब्बल र अनुभवी व्यक्तिलाई सभापति बनाउने पार्टी निर्णयलाई कुल्चिएर सभापति रविले पेस गरेका नामप्रति बैठकमा कसैले पनि प्रश्न उठाएनन् । तर पछिल्लो समय पार्टीभित्र सामूहिक नेतृत्व प्रणाली हराउँदै गएकोमा एक नेताले असन्तुष्टि पोखे ।

'संसदीय दलको बैठक बोलाइएको जानकारी आयो । म पनि सहभागी भएँ । बैठकमा सभापतिले नाम प्रस्ताव गर्नुभयो । उहाँले निकटस्थ, परिवारिक पृष्ठभूमि भएकाले अस्वीकार गरेका छौं भनेर नाम प्रस्ताव गर्नुभयो । चुपचाप बैठकले अनुमोदन गऱ्यो, कसैले पनि प्रश्न उठाएनन्,' ती नेताले रातोपाटीसँग भने ।

सरकार तथा पार्टी सञ्चालनमा बालेन र रविबिचको सम्बन्धमा अहिले नै दरार नआए पनि काम गर्ने शैलीमा तालमेल नमिलेको उनको बुझाइ छ । रविले राजकीय पदमा निकष्टस्थ र आफन्तलाई नराख्ने भनिए पनि उनका फाइल बोक्ने, बिजनेस पार्टनर, ग्यालेक्सी टेलिभिजनका सहकर्मीहरूले नै अवसर पाइरहेका उनले गुनासो पोखे ।

'रविजीले निकटस्थ, आफन्तलाई होइन पार्टीमा कार्यसम्पादनमा उत्कृष्ट र अनुभवका आधारमा छानेको भन्नुभयो । प्रतिभा रावल उनकै फाइल बोक्ने व्यक्ति होइन ? क्रान्तिशिखा ग्यालेक्सी टीभीका सहकर्मी होइन ? गणेश पराजुली बिजनेस पार्टनर होइन ?', नेतृत्वमाथि प्रश्न उठाउँदै ती नेताले भने, 'सभापतिका कोटका खल्तीबाट नाम ल्याउनुभएको छ । पार्टीभित्र छलफल हुँदैन । त्यसो भए

बाकी पष्ठ ३......

❖ बेचबिखन ेक्न समाजमा चेतना फलाउन जरूी छ ।
❖ विद्यालयदेखि न बालबालिकालाइ यसका बोमा शिक्षित गाउनु पदछ ।
❖ पाठ्यपुस्तकमा समावेश गे आफू कसी बच्ने अरूलाइ पनि कसी बचाउने भन्ने कुा सिकाउन जरूी छ ।
❖ समाजमा तुरून्त लागु गन सकिने किसिमका पाठ्यसामग्रीह समावेश गन जरूी छ ।
❖ ेजगीका लागि जाने व्यक्तिलाइ शिक्षा दिने, गलत बाटोबाट जाँदा पने असका बोमा जानकी गाउने गनुपछ ।
❖ व्यक्तिगत तवबाट आफु सचेत हि पवि साथीहरू सवलाइ सचेतना फलाउने ।
❖ शंकास्पद व्यक्ति जोखिममा हेका व्यक्तिहरूको बोमा निगानी ख्ने पामश दिने आवश्यकता अनुसा सम्वन्धित निकायसँग समन्वय गने ।
❖ चोक, चाताा पसालमा समेत मानव बेचविखन विरूद्ध छलफल एवं बहस सञ्चालन गने लगायतका काय आवश्यक ।
❖ सामूहिक रूपमा मानव बेचविखनको जोखिममा हेका समूदाय क्षेत्र पहिचान गी मानब बेचविखन ेकथामका लागि अन्तक्रिया, सडक नाटक, याली, घदलो जस्ता कायक्रम गने ।
❖ मानव बेचविखनविरूद्ध क्रियाशिल सकी ग सकी संघसंस्थाहरूसँग समन्वय गने ।
❖ पीडित प्रभावितह लाइ आवश्यक सहयोग पामश प्रदान गने ।
गौशाला नगरपालिका, महोत्तरी मधेश प्रदेश






# सर्तसहित बर्दिबास मेडिक.......... .................

नियमावलीका प्रावधानहरू पूर्ण रूपमा पालना गरिएको छ। 'वन क्षेत्र प्रयोगसँग सम्बन्धित सबै कानुनी प्रक्रिया पूरा गरी वातावरणीय सन्तुलन कायम राख्ने गरी योजना अघि बढाइएको छ,' उनले बताए।

बर्दिबास नगरपालिकाका मेयर प्रह्लाद कुमार क्षेत्रीले सरकारको निर्णयसँगै आयोजना अब व्यवहारिक रूपमा कार्यान्वयन चरणमा प्रवेश गरेको बताए। उनले मधेस प्रदेशका लागि बहुप्रतीक्षित यस मेडिकल कलेजको निर्माणले स्थानीयस्तरमै गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने विश्वास व्यक्त गरे। 'अब उपचारका लागि टाढा जानुपर्ने बाध्यता कम हुनेछ,' उनले भने।

बर्दिबास उद्योग वाणिज्य संघका अध्यक्ष दीपक कार्कीले पनि कलेज सञ्चालनमा आएपछि स्वास्थ्य क्षेत्रका जनशक्ति उत्पादनमा टेवा पुग्ने र स्थानीय अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्ने धारणा राखे। उनका अनुसार यसले रोजगारी सिर्जना गरी क्षेत्रीय विकासलाई गति दिनेछ।

वन तथा भू-संरक्षण विभागको निर्देशन, लागत निर्धारण र आवश्यक प्रक्रिया अगाडि बढेसँगै बर्दिबास मेडिकल कलेजको पूर्वाधार विकास अब निर्णायक चरणमा पुगेको छ। सम्बन्धित निकायहरूले तोकिएको रकम समयमै जम्मा गरेमा निर्माण कार्य छिट्टै सुरु हुने अपेक्षा गरिएको छ।




# तालमेलको खडेरीले रास्वपामा......................

संगठन नै चाहिँदैन भनेर खारेज गर्दिए भइगो नि ! संगठनमा धेरै उकुसमुकुस भएको छ। कुन दिन विष्फोट हुन्छ थाहा छैन।'

स्थापनाकालदेखि पार्टीलाई सहयोग गरेका इमानदार, योग्य, क्षमतावान् र अनुभवी व्यक्तिलाई पाखा लगाएर अवसर छोप्न पछिल्लो समय पार्टी प्रवेश गर्नेलाई प्रथामिकता दिएकोमा पनि ती नेताले गुनासो पोखे।

रास्वपाको संसदीय दलको पदाधिकारीमा बालन दलका नेता छन्, उपनेतामा गणेश पराजुली छन् । रवि निकटस्थ पराजुली उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री बन्न चाहेका थिए। तर बालेनले डा. आमरेशकुमार सिंहलाई प्रस्ताव गरे। सिंहले उद्योगमन्त्री बन्न अस्वीकार गरेपछि केही समय प्रधानमन्त्रीले आफैसँग राखे। चैत २४ गते दोस्रोपटक मन्त्रिपरिषद विस्तार हुँदा गौरी कुमारी यादवलाई जिम्मेवारी दिइयो। यादव बालेननिकट हुन्।

दलको मुख्य सचेतक रविनिकट कवीन्द्र बुर्लाकोटीले पाएका छन्। बुर्लाकोट पार्टीका महामन्त्री हुन्। सचेतकमा प्रकाशचन्द्र परियार र क्रान्तिशिखा धितालले पाएका छन् । परियार विवेकशील साझाबाट आएका हुन् । धिताल ग्यालेक्सी फोरके टेलिभिजन सञ्चालन रविका सहकर्मी हुन्।

प्रतिभा रावल संघीय मामिला तथा सामान्य प्रशासन, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बनेकी छन् । प्रतिभाको सम्बन्धमा रविले चितवनको चुनावी सभामा नाम नै लिएर प्रशंसा गरेका थिए। सरकारमा रवि र बालेनबिच ५०/५० प्रतिशत भागबण्डा भएको भनिएको छ।

बालेन हाबी ?

पछिल्लो समय सरकार र संसद्मा समेत प्रधानमन्त्री बालेन हाबी हुन थालेपछि नेतृत्वबिच शक्ति संघर्ष सुषुप्त रूपमा बढ्दै गएको विश्लेषण हुन थालेको छ। रास्वपानिकटस्थ एक विश्लेषकका अनुसार राज्य सञ्चालनको अनुभव नभएकाले रवि र बालेनबिच टसल देखिएको बताउँछन्। दुवैजनाको पृष्ठभूमि, स्वभाव र कार्यशैलीका कारण पनि समस्या देखिएको उनको बुझाइ छ।

'बालेनजी अन्तरमुखी स्वभावका छन्। रवि बहिर्मुखी छन्। यी दुवैमा राजनीतिक अनुभव छैन। राजनीतिक अनुभव नभएसम्म सरकार र पार्टी सञ्चालन गर्न सकिँदैन। अनुभवले खारिएपछि नेतृत्व गर्न सक्ने हो। रवि र बालेन भर्खर सिक्दैछन्। सुरुवाती अवस्थामा पार्टी र सरकारबिच तालमेल नमिल्नु स्वभाविकै हो,' उनले भने।

रास्वपाका अर्का एक नेताका अनुसार प्रधानमन्त्रीले मन्त्री छनोटको विषयमा हस्तक्षेप गर्नु स्वभाविक भए पनि संसद्मा हस्तक्षेप गर्नु उचित नभएको बताउँछन् । रास्वपामा पार्टी स्थापनाकालदेखि नै योगदान गरेका सहमहामन्त्री विपिन कुमार आचार्य, कोषाध्यक्ष लिमा अधिकारीलगायत नेताहरूले अवसर नै पाएका छैनन्। सूचना तथा सञ्चारमन्त्रीमा आकांक्षी देखिएका प्रवक्ता मनिष झा पनि असन्तुष्ट छन्।

सहमहामन्त्री आचार्यले भने आफू अहिल्यै कुनै राजकीय पदमा बस्नुभन्दा पनि पार्टीमै योगदान गर्न चाहेको स्पष्ट पारेका थिए। यद्यपि पार्टीभित्र आधिकारिक च्यानलबाट कुनै पनि असन्तुष्टि नआएको आचार्यले जिकिर गरेका छन् । सरकारका मन्त्री, दलका पदाधिकारी, संसदीय समितिका सभापति छान्ने अधिकार केन्द्रीय समिति र संसदीय दलले नेतृत्वलाई दिएको जिकिर गरे। पहिल्यैदेखि नै आफू पार्टी विधि र प्रणालीमा चल्नुपर्छ भन्ने अडिग रहेको उनको भनाइ थियो।

'त्यतिबेला निर्णय गर्ने अधिकार नेतृत्वलाई दिएपछि अहिले गुनासो गरेर भएन,' आचार्यले भने, 'पार्टी निर्णय प्रक्रिया सामूहिक, विधि र पद्धतिअनुसार हुनुपर्छ भनेर पहिल्यैदेखि भन्दै आएको छु, अहिले कुनै राजकीय पदमा बसेर भन्दा पनि पार्टीमै बसेर योगदान गर्ने पक्षमा छु।'

बाहिर चर्चा भएजस्तै सभापति रवि र प्रधानमन्त्री बालेनबिच मनमुटावको स्थिति नभएको अचार्यले जिकिर गरे । पूराना दलहरूमा सत्ता र शक्ति संघर्ष भइरहेको अवस्थामा रास्वपामा पनि त्यस्तै भयो कि भन्ने सोचका कारण नकारात्मक कुराहरू बाहिरिने उनले बताए।

'रवि र बालेनबिच आम जनताको माग अनुसार एउटा बिन्दूमा सम्बन्ध स्थापित भएको हो। पुराना राजनीतिलाई विस्तापित गरी वैकल्पिक राजनीति स्थापित गर्ने उद्देश्यले नै सम्बन्ध स्थापित भएको हो। काम गर्दै जाँदा केही मतभेद हुन सक्छन्। पुराना दललाई हेरेर दुई नेताबिच त्यस्तै भयो कि भनेर नकारात्मक धारणा बहिर ल्याएको छ । व्यवहारमा त्यस्तो देखिँदैन,' आचार्यले भने।

कोषाध्यक्ष लिमा अधिकारीले पनि संसद्को अर्थ वा उद्योग समितिको सभापति भएर काम गर्न चाहेको भए पनि सबै पक्षलाई समेट्नुपर्ने बाध्यताले पार्टीमै बसेर काम गर्ने बताइन्। 'मेरो अर्थ वा उद्योगसँग सम्बन्धित विषय भएकाले संसदीय समितिको सभापति बनेर केही योगदान गर्न सकिन्छ कि आकांक्षा राख्नु स्वाभाविक हो। तर नेतृत्व तहबाट कुनै अफर आएको होइन, सबै पक्षलाई मिलाएर लैजानुपर्ने बाध्यता छ। महाधिवेशन पनि गर्नुपर्ने भएकाले अहिले पार्टीमै बसेर योगदान गर्ने पक्षमा छु,' उनले भनिन्।

## माइग्रेसन सर्टिफिकेट हरायो।

मिति २०८२/११/१५ गते का दिन लालबन्दीबाट बर्दिबास जाने क्रममा गरिमा यादवको निम्न व्यहोरा भएको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा तल उल्लेखित ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम :गरिमा यादव
रजिष्ट्रेशन नं. : ७६१९०४११२
सिम्बल नं. : २१९००६४५
ठेगाना : चक्रघट्टा - ०९, सर्लाही
फोन नं. : ९८६५१०३४४४

## अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल

- २४ सं घण्टा इमजेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

**शुभ स्वस्तिक हस्पिटल प्रा.लि.**
मेनारोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०

# एघार फिट लामो राजगोमनको उद्धार



● टक नेपाल

धनुषाको सीमावर्ती क्षेत्र महोत्तरीको बर्दिबास नगरपालिका-३, राजाबास गाउँबाट करिब ११ फिट लामो र करिब ६ किलोग्राम तौल भएको दुर्लभ राजगोमन सर्पको उद्धार गरी सुरक्षित रूपमा प्राकृतिक वासस्थानमा छोडिएको छ।

बाख्रा खोरनजिक राखिएको दाउराको थुप्रोमुनि सर्प लुकेर बसेको अवस्थामा सर्पको उद्धार टोली उद्धार गरिएको मिथिला वाइल्ड लाइफ ट्रस्टका अध्यक्ष देवनारायण मण्डलले बताउनुभयो। उहाँका अनुसार ट्रस्टका सुबोध आचार्य, गौतम मण्डलसहित सबडिभिजन वन कार्यालय लालगढको संयुक्त टोलीले सर्पलाई नियन्त्रणमा लिएको थियो।

उद्धारपछि सर्पलाई नजिकैको सामुदायिक वन क्षेत्रमा लगेर सुरक्षित रूपमा छोडिएको मिथिला अध्यक्ष मण्डलले जानकारी दिनुभयो। उहाँका अनुसार चुरे क्षेत्र राजगोमन सर्पको प्राकृतिक बासस्थान भएकाले सो ही क्षेत्रमा पुनःस्थापना गरिएको हो।

उद्धार टोलीले स्थानीय बासिन्दालाई सर्पको प्राकृतिक बानी व्यवहार, वातावरणीय महत्व तथा भविष्यमा यस्ता सर्प देखिएमा सुरक्षित रूपमा घरबाहिर कसरी हटाउने भन्नेबारे पनि जानकारी दिएको उहाँले बताउनुभयो। राजगोमन सर्प विश्वकै सबैभन्दा विषालु सर्प रहेको र यसको संरक्षण जैविक विविधताका लागि महत्वपूर्ण भएको उहाँको भनाइ छ।







## जानकी नवमीको अवसरमा
# नौदिने धार्मिक महोत्सव आयोजना हुँदै

● टक नेपाल



मधेश प्रदेशको राजधानी जनकपुरधाममा जानकी नवमीको अवसरमा धार्मिक आस्था, सांस्कृतिक संरक्षण तथा पर्यटन प्रवर्धनलाई लक्षित गर्दै नौदिने धार्मिक महोत्सव आयोजना गरिएको छ।


अन्तर्राष्ट्रिय कृष्णभावनामृत सङ्घ नेपाल (इस्कोन) मन्दिरले जनकपुत्री अर्थात् माता सीताको जन्मोत्सव (जानकी नवमी) को अवसरमा नौ दिवसीय धार्मिक महोत्सवको आयोजना गरेको हो।

सो अवसरमा वैशाख ५ गते शनिबारदेखि सुरु भएको महोत्सव वैशाख १३ गते जगन्नाथ रथ यात्रापछि समापन हुने छ भने महोत्सव अन्तर्गत दुग्धमति नदी किनारमा अवस्थित इस्कोन मन्दिर परिसरमा श्रीमद् भागवत कथा, जानकी जीको महाभिषेक उत्सव, पूजा-अर्चना, प्रसाद वितरणजस्ता धार्मिक गतिविधिहरू रहेका छन्।

इस्कोन जनकपुरधामका अध्यक्ष रामेश्वरम दासले जानकी नवमीको अवसरमा हरेक वर्षझैं यस वर्ष पनि विशेष कार्यक्रम अन्तर्गत कथावाचन, किर्तन, जानकी जीको महाअभिषेक तथा जगन्नाथ रथयात्रासहितको कार्यक्रमका आयोजना बताउनुभयो। उहाँले यस कार्यक्रममा विभिन्न राष्ट्रका पर्यटकहरूको आगमनले जनकपुरधाममा धार्मिक वातावरणको महोल निर्माण हुने अपेक्षा लिएको उल्लेख गर्नुभयो।

यस्तै महोत्सव अन्तर्गत ११ गतेसम्म दैनिक दिउँसो २ बजेदेखि साँझ ६ बजेसम्म अनन्त कृष्ण दास गोस्वामी महाराजको विशेष उपस्थितिमा श्रीमद्भागवत कथा वाचन गरिनेछ भने विशेष दिन १२ गते जानकी नवमीको अवसरमा किर्तन, कथा, महाभिषेक तथा सहभागी भक्तजनमा प्रसाद वितरण कार्यक्रम रहेको आयोजक समितिले जनाएको छ।

साथै, सो अवसरमा इस्कोन मन्दिरको शिलान्यास समेत गरिने संस्थाका उपाध्यक्ष रमेशकुमार साह जानकारी दिनुभयो। उहाँका अनुसार मन्दिर निर्माणको प्रारम्भिक चरणमा करिब २५ करोड रुपियाँ लगानी गरिने छ भने दीर्घकालीन रूपमा करिब २ अर्ब रुपियाँ बराबरको परियोजना अघि बढाइने योजना रहेको छ।




बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बदिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014